# ६.बीजक

## १. कर बीजक भनेको के हो ?

*सामान्य अर्थमा कर बीजक भनेको दर्ता भएको व्यक्तिले जारी गर्ने कर देखिने बील हो । बिजकले दर्ता भएको ब्यक्तिले गरेको कर योग्य कारोबारलाई प्रमाणित गर्दछ र तिनको कर दायित्व गणना गर्न सघाउ पनि पुऱ्याउंछ । बिजकको प्रथम प्रतिको शीर्षभागमा कर बिजक उल्लेख गरी प्रापकलाई दिइन्छ । प्रत्येक बीजकमा न्युनतम तीन प्रति हुनुपर्छ । पहिलो प्रति जसमा कर बिजक उल्लेख हुन्छ खरीदकर्तालाई दिइन्छ । दोश्रो प्रति कर प्रशासनले मागेको बखत उपलब्ध गराउने गरी दर्ता भएको ब्यक्तिले अभिलेखमा राख्दछ । तेश्रो प्रति दर्ता भएको ब्यक्तिले आफ्नो कारोबारको लेखांकनका लागि राख्दछ । यसै तेश्रो प्रतिको माध्यमबाट करदाताले आफ्नो बिक्रि खाता प्रविष्ट गर्ने र लेखा राख्ने गर्दछ ।*

## २. संक्षिप्त कर बीजक भनेको के हो ?

*संक्षिप्त कर बीजक भनेको दर्ता भएको व्यक्तिले जारी गर्ने स्पष्ट रुपमा कर नदेखाइएको ( मूल्यमा नै कर समावेश) भएको बील हो । बिजकको शीर्ष भागमा संक्षिप्त कर बिजक उल्लेख गरी प्रापकलाई दिइन्छ । प्रत्येक बीजकमा न्युनतम तीन प्रति हुनुपर्छ । पहिलो प्रति खरीदकर्तालाई दिइन्छ । दोश्रो प्रति कर प्रशासनले मागेको बखत उपलब्ध गराउने गरी दर्ता भएको ब्यक्तिले अभिलेखमा राख्दछ । यस्तै तेश्रो प्रतिको माध्यमबाट करदाताले आफ्नो बिक्रि खाता प्रविष्ट गर्ने र लेखा राख्ने गर्दछ । यो बीजक करसहितको मूल्य रु.५ हजारभन्दा बढीको जारी गर्न मिल्दैन ।*

## ३. कर बीजक प्रमाणित गराउनु पर्दछ ?

*पर्दैन ।*

## ४. कुन समयमा बीजक जारी गर्नु पर्दछ ?

- *वस्तुको आपूर्तिको हकमा क्रेताले बिक्रेताको कारोवार स्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको समय वा वस्तुको प्रतिफल प्राप्त गरेको समय,जुन पहिला हुन्छ,सोही समयमा ।*
- *सेवाको आपूर्तिको हकमा सेवा प्रदान भएको बखत वा सेवा को प्रतिफल प्राप्त गरेको समय,जुन पहिला हुन्छ,सोही समयमा ।*
- *करार बमोजिम किस्ताबन्दी रुपमा कुनै वस्तु वा सेवाको मूल्य एक भन्दा बढी दिनमा आंशिक रुपमा भुक्तानी हुने व्यवस्था भएकोमा भुक्तानी भएको वा करारमा भुक्तानी गर्नु पर्ने भनेर उल्लेख गरिएको दिन मध्ये जुन पहिले हुन्छ सो समय,*

## ५. संक्षिप्त कर बीजक जो सुकैले जारी गर्न पाउँछ ?

*पाउँदैन । अन्तिम उपभोक्तालाई बिक्री गर्ने खुद्रा बिक्रेताले मात्र सम्बन्धित आ.रा.का.को स्वीकृती लिएर मात्र जारी गर्न पाउँछ ।*

## ६. ऐन नियममा तोकेकै ढाँचामा बीजक जारी गर्नु पर्दछ ?

*पर्दछ । तर ऐन नियममा तोकेका कुराका अतिरिक्त आफूलाई चाहिने सूचना समावेश गर्न मिल्छ ।*

**७. बीजक कति प्रति तयार गर्नु पर्दछ ?**

*सामान्यतया ३ प्रति ।*

**८. मलाई ६ प्रति बीजक आवश्यक पर्छ, के मैले ६ प्रति तयार गर्न मिल्छ ?**

*मिल्छ ।सम्बन्धित आ.रा.का.को स्वीकृती लिएर जारी गर्न मिल्छ ।*

**९. बीजकको सि.नं. कसरी राख्नु पर्दछ ?**

*सिरियल नम्बर १ बाट शुरु गर्नुपर्दछ र क्रमैसँग राख्नुपर्दछ । प्रत्येक वर्षको शुरुमा नयाँ सिरियल नम्बर कायम गर्नुपर्दछ। अर्थात एक आर्थिक वर्ष समाप्त भई अर्को आ.ब. शुरु हुँदा पुरानो सि.नं. जति पुगेको भएपनि बीजकको सिरियल नम्बर १ बाट शुरु गर्नुपर्दछ ।*

**१०. मेरो विभिन्न ठाउँमा शाखाहरू रहेको छन, मैले बीजकको सि.नं. कसरी राख्ने ?**

*प्रत्येक शाखाका लागि छुट्टा छुट्टै सिरियल नम्बर १ बाट शुरु गर्नुपर्दछ र क्रमैसँग राख्नुपर्दछ । प्रत्येक वर्षको शुरुमा नयाँ सिरियल नम्बर कायम गर्नुपर्दछ। अर्थात एक आर्थिक वर्ष समाप्त भई अर्को आ.ब. शुरु हुँदा पुरानो सि.नं. जति पुगेको भएपनि बीजकको सिरियल नम्बर १ बाट शुरु गर्नुपर्दछ ।*

**११.मेरो एउटा दर्ता नम्वरमा विभिन्न फरक फरक कारोवार रहेका छन्, मैले एकै खालको बीजक जारी गर्न समस्या पर्छ । मैले के गर्ने ?**

*तपाईंको कारोबार स्पष्ट छुट्टिने छ भने प्रत्येक छुट्टा छुट्टै कारोबारका लागि सिरियल नम्बर १ बाट शुरु गर्न सक्नुहुन्छ ।*

**१२. म कम्प्युटरबाट बीजक जारी गर्न चाहन्छु, मैले के गर्नु पर्दछ ?**

*तपाईले प्रयोग गर्न चाहेको सफ्टवेयरको विस्तृत विवरण सहित कार्यालयमा निवेदन दिनुपर्दछ । कार्यालयबाट स्वीकृती प्राप्त गरेर मात्र कम्प्युटरबाट बीजक जारी गर्न पाईन्छ । सफ्टवेयरमा ऐनले तोकेको ढाँचामा कर बीजक जारी गर्ने व्यवस्था हुनु पर्दछ । एकपटक जारी भईसकेको बीजक मेट्न नमिल्ने हुनु पर्दछ । संशोधन गर्नु पर्ने भएमा डेबिट नोट वा क्रेडिट नोटका माध्यमले मात्र संशोधन गर्ने व्यवस्था हुनु पर्दछ ।*

**१३.मैले कम्प्युटरबाट संक्षित कर बीजक जारी गर्ने स्वीकृती लिएको छु मैले कर बीजक जारी गर्न मिल्छ कि मिल्दैन ?**

*मिल्छ ।*

**१४. संक्षित कर बीजक जारी गर्न स्वीकृत प्राप्त व्यक्तिले केके गर्नु पर्दछ ?**

- *सक्कल बिजकको नक्कल प्रति तयार गरी राख्नु पर्ने,*
- *टिलरोलको प्रतिलिपि राखी कारोबार गरिएकोमा प्रत्येक दिन सोको जोड गरी राख्नु पर्ने,*
- *प्रत्येक कारोबारको कर समेतको मूल्यको अभिलेख राख्ने ।*

**१५.संक्षिप्त कर बीजकमा कर सहितको मूल्य राखिएको हुन्छ, यस अवस्थामा कारोवार मूल्य र कर रकम कसरी निकाल्ने ?**

*संक्षिप्त कर बिजकबाट करको कूल अंक बिजक मूल्यलाई कर भिन्नले गुणन गरी निकालिन्छ ।*

*करको दर*

*कर भिन्न =*

*--------------------------*

*करको दर + १००*

**१६. कम्प्युटरबाट बीजक जारी गर्न स्वीकृत प्राप्त व्यक्तिले कुन कुन शर्त पालना गर्नु पर्दछ ?**

*सफ्टवेयरमा ऐनले तोकेको ढाँचामा कर बीजक जारी गर्ने व्यवस्था हुनु पर्दछ । एकपटक जारी भईसकेको बीजक मेट्न नमिल्ने हुनु पर्दछ । संशोधन गर्नु पर्ने भएमा डेबिट नोट वा क्रेडिट नोटका माध्यमले मात्र संशोधन गर्ने व्यवस्था हुनु पर्दछ ।*

**१७. डेबिट नोट/क्रेडिट नोट भनेको के हो ?**

*आपूर्ति गरएिको बस्तु फिर्ता हुन आएमा वा अन्य जुनसुकै कारणले विक्रि पश्चात आपूर्ति मूल्यमा समायोजन गर्नुपर्ने परिस्थिति उत्पन्न भएमा जारी गरिने नोटलाई डेविट वा क्रेडिट नोट भनिन्छ ।*

**१८. डे नोट/क्रे नोट मा केके कुरा खुलाउनु पर्दछ ?**

*क्रेडिट वा डेविट नोट जारी गर्नु परेमा त्यस्तो नोटमा स्पष्टसंग क्रेडिट वा डेविट नोट लेखी देहायका कुराहरू खुलाउनु पर्नेछः-*

*(क) क्रमागत संख्या,*

*(ख) जारी भएको मिति,*

*(ग) आपूर्तिकर्ताको नाम, ठेगाना र दर्ता नम्बर,*

*(घ) प्रापकको नाम, ठेगाना र निज दर्ता भएको व्यक्ति भएमा दर्ता नम्बर,*

*(ङ) कारोबारसंग सम्बन्धित कर बिजकको संख्या र मिति,*

*(च) वस्तु वा सेवाको विवरण र क्रेडिट वा डेविटको कारण,*

*(छ) क्रेडिट वा डेविट भएको रकम,*

*(ज) क्रेडिट वा डेविट भएको करको रकम*

**१९. मेरो बिभिन्न ठाउमा शाखाहरू छन्, एउटा शाखाबाट अर्को शाखामा सामान पठाउदा बिजक जारी गर्नु पर्छ ?**

*पर्दैन । स्टक ट्रान्सफर चलान प्रयोग गर्नुपर्दछ ।*

**२०. मेरो बिभिन्न ठाउमा शाखाहरू छन्, एउटा शाखाबाट अर्को शाखामा सामान पठाउदा के प्रकिया अपनाउनु पर्दछ?**

*स्टक ट्रान्सफर चलानको प्रयोगद्धारा एउटा शाखाबाट अर्को शाखामा सामान पठाउन सकिन्छ। स्टक ट्रान्सफर चलान जारी गरी सामान पठाउनु पूर्व नै नजिकको आन्तरिक राजस्व कार्यालयमा सो को एक प्रति दर्ता गराउनु पर्दछ ।*

**२१. दर्ता भएको व्यापारीले बीजक नदिएमा के हुन्छ? कति जरिवाना लाग्छ?**

*दर्तावाल व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा केता लाई बिजक नदिएमा प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिवाना लगाइने व्यवस्था रहेको छ ।*

**२२. दर्ता भएको व्यापारीले बीजक जारी नगरेको थाहा भएमा के गर्ने ?**

*नजिकको आ.रा.का.मा सम्पर्क गर्ने ।*

**२३. रु. ५००० भन्दा बढीको संक्षिप्त कर बीजक जारी गरियो भने के हुन्छ ?**

*ऐन उल्लंघन गरेको कसूरमा कर अधिकृतले रु.१०००० जरिवाना गर्न सक्दछ ।*

**२४. सामान बिक्री गर्दा विदेशी मुद्रामा रकम प्राप्त भयो भने कसरी बीजक जारी गर्नु पर्दछ ?**

*कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा त्यसको प्रतिफल वापत परिवर्त्य विदेशी मुद्रा भुक्तानी लिई कर विजक दिंदा कारोबार भएको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा बराबर हुने नेपाली रुपैयाँको रकम कर विजकमा उल्लेख गरी बिजक दिनु पर्नेछ ।*

**२५. दर्ता नभएको व्यापारीले बीजक जारी गरी कर असूल र संकलन गरेमा के हुन्छ ?**

*दर्ता नभएको व्यक्तिले कर असुल गरेको कुनै कर बिजक जारी गरेमा वा कर संकलन गरेमा वा कर संकलन गरेको कुनै कागजात जारी गरेमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल गरिने र उठाएको रकमको शत प्रतिशत जरिवाना लगाइने व्यवस्था रहेको छ ।*

**२६. मैले दैनिक रुपमा बिभिन्न गाडीहरूबाट बिभिन्न ठाउमा खुद्रा बिकी गर्न (retailing) सामान पठाउदा कसरी बिजक जारी गर्नु पर्छ ?**

*प्रत्येक गाडीका लागि छुट्टाछुट्टै स्टक ट्रान्सफर चलान बनाई सो सम्बन्धी खातामा प्रविष्ट गरेर माल सँगै लिएर हिड्नुपर्छ र सामान बिक्री भएपछि बिजक जारी गर्नु पर्दछ ।*

**२७. कस्तो अवस्थामा स्टक ट्रान्सफर चलान प्रयोग गर्न सकिन्छ ?**

*बिभिन्न ठाउमा खुद्रा बिकी गर्न* **(retailing)** *सामान पठाउदा वा आफ्नो एउटा शाखा वा गोदामबाट अर्को शाखा वा गोदाममा सामान पठाउँदा स्टक ट्रान्सफर चलान प्रयोग गर्न सकिन्छ ।*